# नेपाली काँग्रेस

## जनआन्दोलन बुलेटिन

२०६१




वर्ष २, अंक ३ २०६१ चैत्र २३ गते मंगलबार (April 5, 2005 Tuesday) पृष्ठ संख्याः १२

# नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइराला दुई महिनाको नजरबन्दबाट रिहा हुनु भएपछि नेपाली काँग्रेस केन्द्रीय कार्यालय, बी.पी. नगर, सानेपामा २०६१ चैत्र २० गते बिहान आयोजित पत्रकार भेटघाट कार्यक्रममा पत्रकारहरुबाट सोधिएका प्रश्न र जवाफहरु

राजाको प्रत्यक्ष शासनविरुद्ध 'कोठाबन्दी'मा रहेकै बेला तीनपटक वक्तव्य निकालेर सशक्त आन्दोलन गर्न कार्यकर्तालाई आह्वान गर्नुभएका नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले ६० दिनको थुनापछि मुक्त भएर पहिलो कार्यकर्ता तथा पत्रकार भेटघाटमा त्यही कुरा दोहोर्‍याउनु स्वाभाविक थियो। त्यस्तै भयो । जेठ ८ गते मध्यरातमा प्रतिनिधिसभा विघटन भएको क्षणदेखि प्रतिगमन शुरु भएको भनी २०५९ असोज १८ पछि त्यसका विरुद्ध संयुक्त जनआन्दोलनको नेतृत्व गर्दै आउनुभएका नेपाली काँग्रेसका सभापति एवं जनआन्दोलनका कमाण्डर गिरिजाप्रसाद कोइरालालाई माघ १९ गते राजनीतिक दलहरुकै परिभाषामा प्रतिगमनको चरमोत्कर्षपछि घरमै नजरबन्द (उहाँको अर्थमा कोठा नजरबन्द) गरेको दुईमहिनापछि अस्ति शुक्रबार अपराह्न मुक्त हुनुभयो। त्यसपछि पनि उहाँमा माघ १९ गते अघिकै जसरी आन्दोलन हाँक्ने जोश देखिएको छ। ८२ वर्षको परिपक्व उमेरमा पनि २५ वर्षे युवाजस्तो जोशका साथ हिजो शनिबार पार्टी कार्यालय बीपीनगर सानेपामा पत्रकार र कार्यकर्तामाझ उपस्थित हुनुभएका सभापति कोइराला अढाइ वर्षदेखि सडक आन्दोलन गर्दाकै माग र अडानमा दृढ देखिनुहुन्थ्यो। माघ १९ पछि २ महिना नजरबन्दमा रहनुभएका कोइराला रिहाइपछि पनि किञ्चित विचलित हुनुहुन्थेन। शुक्रबार तीनबजे उहाँको निवास घेरेर बसेका सुरक्षाकर्मीहरुले मुक्त भएको सूचना दिएपछि सुरक्षार्थ अर्को प्रहरीको दस्ता आएको थियो। त्यसपछि केन्द्रीय सदस्य, कार्यकर्ता, भारतीय राजदूतसँग छलफलपछि बिहान १०:०५ मा आयोजित २५ मिनेट लामो पत्रकार सम्मेलनमा कोइरालाले संवाददाताहरुसँग गरेको कुराकानी जस्ताको तस्तै :

> ## सभापति कोइराला रिहा
>
> नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालालाई २०६१ माघ १९ गते राजाको प्रतिगमनकारी शाही घोषणाका दिन विहानैदेखि नजरबन्द गरेकोमा उहाँलाई २०६१ चैत्र १९ गते नजरबन्द मुक्त गरिएको छ।

***दुई महिनापछि नजरबन्दमुक्त हुनुभएको छ, के भन्न चाहनुहुन्छ ?***

सबैभन्दा पहिला त म तपाईं पत्रकारहहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रजातन्त्रका निम्ति तपाईंहरुले जुन किसिमको सहयोग दिनुभयो, नेपालको इतिहासमा यस्तो कहिल्यै भएको थिएन। पत्रकार, मानवअधिकारवादी र नागरिक समाजको सहयोगले नै आज प्रजातन्त्रप्रति जनास्था बढेर गएको छ। र, पूर्ण प्रजातन्त्रका निम्ति हामीहरु अग्रसर भइरहेका छौं। हामी त बादल बनाउने मात्रै हौं, त्यसलाई पानी बनाएर गाउँ-ठाउँमा पुर्‍याउने जिम्मेदारी तपाईंहरुको थियो, जुन तपाईंहरुले कुशलतापूर्वक निर्वाह गर्नुभयो।

म सधैं भन्ने गर्थे कि तानाशाही व्यवस्थामा सबैभन्दा पहिलो आक्रमण प्रेसमाथि हुन्छ अनि राजनीतिक पार्टीहरुमाथि। अहिले राजाको प्रत्यक्ष शासनले प्रेस-जगतमाथि ठूलो आघात पुर्‍याएको छ र साथ-साथै प्रजातन्त्रमाथि पनि आक्रमण भएको छ। तपाईंहरुले निरन्तर लड्दै आउनुभएको छ, त्यसका लागि म पुनः धन्यवाद दिन चाहन्छु।

***राजाको कदमप्रति काँग्रेसको आधिकारिक दृष्टिकोण के हो ? अब काँग्रेस कसरी अगाडि बढ्छ ?***

माघ १९ गते राजाबाट जुन प्रत्यक्ष शासन थालिएको छ, यो पूर्णरुपमा संविधान विपरीत छ। २०४६ को जनआन्दोलनपछि राजा र जनताका बीचको सहमतिबाट आएको संविधानलाई राजाले प्रत्यक्ष शासन लिएर ध्वस्त पारेका छन्। त्यसकारण राजाको यो कदमको कमसेकम म घोर विरोध गर्दछु। राजाले यो गलत काम गरेका हुन्। यसको दोष पनि म राजालाई नै दिन्छु। किन गर्नु पर्‍या'थ्यो यस्तो ? राजनीतिक दलहरु थिए, सबैसँग बसेर राष्ट्रियता, एकता र मेलमिलापको नीति लिएर अगाडि सरेको भए हुन्थ्यो। हामीले भन्दै आएका थियौं, यसले देशको समस्या समाधान हुन्छ, माओवादी समस्या समाधान हुन्छ। हाम्रो भनाइ थियो– एकता र मेलमिलापको थलो भनेको संसद् हो। संसद् पुनर्स्थापना

## सम्पादकीय

नेपाली काँग्रेस आफ्नो स्थापनाकालदेखि नैसंवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति प्रतिवद्ध रहँदै आएको विदितै छ । तर पनि राजाले समय-समयमा प्रजातन्त्रको नाउँमा सक्रिय भूमिकाको चाहना राखेका कारण नेपालको प्रजातन्त्र दिगो हुन नसकेको हो । प्रजातन्त्र, स्वतन्त्रता र मानव अधिकारप्रति नेपाली जनता जस्तोसुकै कठिन बलिदान दिन, दुःख पाउन र संघर्ष गर्न तयार छन् । नेपाली काँग्रेस सदैव जनताको पूर्ण हक र स्वतन्त्रताको पक्षमा छ ।

नेपाली काँग्रेसले राजनैतिक, धार्मिक, सामाजिक तथा मौलिक कुनै पनि प्रकारको हिंसा, प्रतिहिंसा र आतङ्कलाई कहिल्यै समर्थन, सहकार्य नगर्ने दृढता बारम्बार व्यक्त गरिसकेको छ । यस अवस्थामा नेपाली काँग्रेसको नीति र दृष्टिकोणमा कसैले शंका गरी रहनु पर्दैन ।

राष्ट्रको समस्या समाधानार्थ फुटेका पार्टीहरुबीच पार्टीको नीति, विधान र प्रजातान्त्रिक मूल्य, मान्यता र विधि अनुरुप एकता र अन्तर पार्टी सामञ्जस्यतालाई नेपाली काँग्रेसले शुरु देखि नै सैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिकोणले अंगिकार गर्दै आएको कुरा दस्तावेजहरुका रुपमा रेकर्ड मात्र छैनन् कि ती सबै यथार्थ सार्वजनिक नै भैसकेका छन् । त्यसको उचित थलो जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको पुनर्स्थापना र त्यसै प्रतिनिधिसभा मार्फत राजा, राजनैतिक दलहरुको संयुक्त सकारात्मक प्रयासमा विद्यमान समस्यालाई सम्बोधन गरी आवश्यक सुधार सहित सबैलाई प्रजातान्त्रिक मूलधारमा ल्याउने प्रयत्न अपरिहार्य भैसकेको हो ।

सबै राजवन्दीहरुलाई अविलम्व रिहा गरी राजनैतिक समाधान खोज्ने प्रयास राजाले नै गर्नुपर्दछ त्यस्तो प्रयास गरी समस्या समाधान गर्नेतर्फ पहल नहुँदासम्म नेपाली काँग्रेसले २०६१ फाल्गुण ७ गतेबाट शुरु गरेको आन्दोलन निरन्तर जारी रहनेछ । प्रजातन्त्र र मानव अधिकारका लागि गरिने यो आन्दोलनलाई सहयोग, समर्थन र सहभागी भै सफल बनाउनका लागि नेपाली काँग्रेसले सबै समक्ष हार्दिक अपील गरेको छ, गरिरहेको छ ।



चैत्र १५ गते सिंहदरवार अगाडि जुलुस प्रदर्शन गर्दै आन्दोलनकारीहरू

गरियो भने त्यहाँ राजा, जनता र पार्टी सबै रहन्छन्, अनि त्यहींबाट सबै मिलेर यो राष्ट्रको समस्या समाधान गर्न सकिन्छ भनेर मैले राजासँग बारम्बार भन्याथें । तर, त्यसलाई नसुनेर आफैंले प्रत्यक्ष शासन लिने घोर अवैधानिक काम राजाबाट भएको छ ।

***अब संवाद हुन्छ कि हुँदैन ?***

संवाद तबमात्रै होला, जब सबै साथीहरु छुट्छन् । जब सङ्कटकाल हट्छ, पूर्ण प्रेस स्वतन्त्रता बहाल हुन्छ, सञ्चार संयन्त्रहरु खुल्छन् र एउटा राजनीतिक वातावरण बन्छ । तबमात्रै संवादको कुरा सम्भव छ । त्योभन्दा पहिले संवाद हुन सक्दैन र अब म अन्य पार्टीहरुसँग आगामी कार्यक्रम कसरी लग्ने भनेर छलफल गर्छु । सबैसँग छलफल गरेर एउटा नयाँ अवधारणा लिएर नेपाली काँग्रेस अगाडि बढ्नेछ ।

***माओवादीको विषयमा काँग्रेसको धारणा के हुन्छ ?***

माओवादीको विषयमा हाम्रो स्पष्ट धारणा रहँदै आएको छ । मैले जहिले पनि भनिरहेको छु, दुईवटा बन्दुकका बीचबाट आन्दोलनलाई लिएर जाने । न त हामी राजाको पोल्टामा जान तयार छौं, न त माओवादीको पोल्टामा । माओवादीले जबसम्म बन्दुक बिसाउँदैन तबसम्म उनीहरुसँग सहकार्यको कुरा आउँदैन । अहिले माओवादीले बन्दुक बोकेर हिंडिरहेको र हाम्रो शान्तिपूर्ण आन्दोलन (सत्याग्रह) चलिरहेकाले यो मेल खाँदैन ।

***तपाईंलाई दुई महिना नजरबन्दमा राखियो । यो कस्तो खाले नजरबन्द थियो र दुई महिना कसरी बिताउनुभयो ?***

मैले कसरी समय बिताएँ, कसरी बसें भनेर अरुलाई नौलो लाग्ला, मलाई कुनै नौलो लागेको छैन । किनभने जब आन्दोलन शुरु भयो, मैले कुनै पनि परिस्थितिको सामना गर्छु भनेर त्यसमा गएको हुँ । मलाई भन्नचाहिँ घरमा नजरबन्द भनियो तर वास्तविकतामा कोठामा बन्द गरिएको थियो, तल झर्न पनि दिइएको थिएन । घरमा बन्द हुँदा त कम्पाउण्डभित्र घुम्न पाइन्छ, मैले त कोठाभित्र मात्रै घुम्न पाएँ । यसलाई जे भन्नुस्, कानुनी भाषामा के भनिन्छ, मैले चाहिँ त्यही कोठाभन्दा बाहिर छतमा मात्र जति सक्थें घुमेर समय बिताएँ ।

***शाही कदमपछि तपाईंले भनेको पूर्ण प्रजातन्त्रलाई कसरी व्याख्या गर्नुहुन्छ ?***

यस विषयमा पनि शुरुदेखि नै हाम्रो एउटा धारणा रहँदै आएको छ कि संसद् पुनर्स्थापना हुनुपर्‍यो र जे गर्ने हो संसद्कै माध्यमबाटै गरिनुपर्छ । संसद् पुनर्स्थापना भएपछि र संविधान पुनः क्रियाशील भएपछि सबै पार्टीसम्मिलित सर्वदलीय सरकार बन्छ, त्यसपछि मात्रै माओवादी र राष्ट्रका अन्य समस्याका विषयमा वार्ता, संवाद हुनसक्छ ।

***गिरिजाबाबु, यतिखेर नेपाली काँग्रेसभित्र दुई धार देखिएको छ, संवैधानिक राजतन्त्र र गणतन्त्रको पक्षमा । अब काँग्रेस***

***गणतन्त्रको पक्षमा लाग्छ कि संवैधानिक राजतन्त्रको वकालत गरेर हिँडिरहन्छ ?***

नेपाली काँग्रेसको जन्मकाल नै संवैधानिक राजतन्त्रबाट शुरु भएको हो र आज पनि त्यही आधारमा हामीहरु हिँडेका छौं । अब के हुन्छ ? यो प्रश्नको जवाफ राजासँग सोध्नुहोस्, मलाई सोध्ने होइन ।

***अब राजाले के गर्नुपर्छ ?***

राजाले संसद् पुनर्स्थापना गर्नुपर्‍यो ।

***राजाले गर्दा असंवैधानिक हुँदैन ?***

हुँदैन । किनभने संविधानमा धारा १२७ ले त्यो व्याख्या गरेको छ । अहिलेसम्म राजाले त्यही धारा प्रयोग गरी संविधानलाई नै समाप्त पार्दै लागेका छन् । संविधानलाई पुनः क्रियाशील बनाउनका निम्ति, राम्रो कामका लागि त्यही धाराको प्रयोग हुनसक्छ ।

***तपाईंको भतिजा प्रकाश कोइरालाले काग्रेसको आन्दोलनको विरोध गर्दै शाही घोषणाको समर्थन गरेका छन् । काँग्रेसले उनलाई कारबाही गर्छ कि गर्दैन ?***

यो केन्द्रीय कार्यसमितिले निर्णय गर्ने कुरा हो । कार्यसमितिमा यस विषयमा छलफल हुन्छ ।

***काँग्रेसको संसद् पुनर्स्थापनाको एउटा एजेन्डा छँदैछ भने अरु पार्टीहरुसँग केका लागि छलफल गर्ने ?***

अरु पार्टीहरुसँगको छलफल हाम्रो एजेन्डामा सहमत गराउने प्रयास हो र उनीहरुसँग योभन्दा राम्रो अरु कुनै विकल्प छ भने त्यसका लागि पनि हो ।

***तपाईं संसद् पुनर्स्थापनाको कुरा गर्नुहुन्छ । तर, मित्रराष्ट्रहरु त राजासँग मिलेर जानुपर्छ भनिरहेका छन् नि ?***

यो समस्या नेपालको समस्या हो । राजा र हामीबीचको समस्या हो । नेपालको प्रजातन्त्रका निम्ति मित्रराष्ट्रहरुले जुन किसिमको सहयोग दिनुभयो, त्यसका लागि म उहाँहरुलाई धन्यवाद दिन चाहन्छु । तर, जहाँसम्म राजा र हामीबीचको समस्या समाधान गर्ने सवाल छ, यसको निर्णय हामीले नै गर्ने हो, उनीहरुले गर्ने होइन ।

***अब आन्दोलन कसरी अगाडि बढ्छ ?***

आन्दोलन जारी छ । यसलाई अझ सशक्त बनाउनका लागि हामीले अरु पार्टीहरुसँग वार्ता गरेर एकजुट भएर राजाको प्रत्यक्ष शासनको विरोधमा आन्दोलन लानुपर्छ, जान्छ ।

***तपाईंले आफ्नो रिहाइलाई कुन अर्थमा लिनुभएको छ ?***

राजालाई मैले चिन्न सक्याँ छैन । यत्ति मात्रै म भन्न सक्छु कि राजाले जत्ति पनि प्रयोग गरे, सबै असफल हुँदै गएका छन् । शेरबहादुरलाई हटाएर लोकेन्द्र, लोकेन्द्र हटाएर सूर्यबहादुर, फेरि आफैंले असक्षम भनेर हटाएका शेरबहादुर अनि आफैं मन्त्रिपरिषद्को अध्यक्ष । यी सबै खेलहरु असफल हुँदैछन्, भएका छन् । अब राजासँग अर्को विकल्प छैन । अब पनि राजाले बुद्धि पुर्‍याएनन् भने म केही भन्न सक्दिनँ ।

***तपाईंहरु सधैं संसद् पुनर्स्थापनाकै मात्र कुरा गर्नुहुन्छ, त्योभन्दा बढी लोकतान्त्रिक व्यवस्थाको पक्षमा रहेकाहरुले तपाईंबाट के आशा गर्ने ?***

लोकतन्त्र र प्रजातन्त्र भनेको एउटै कुरा हो । जनताले चाहेको प्रजातन्त्र र लोकतन्त्र त्यही हो । ब्रिटेनमा राजाले नसुनेपछि दश वर्षपछि संसद् पुनर्स्थापना भएको इतिहास छ । त्यसैले संसद् पुनर्स्थापना गरी त्यसैका आधारमा अघि बढ्नुपर्छ ।

***दुई महिनाको अवधिमा दरबारको कुनै सूत्रसँग तपाईंको वार्ता भएको थियो कि ?***

कुनै वार्ता भएको छैन ।

***पञ्चायतकालमा समेत सबैभन्दा अनुदार भनेर चिनिने तुलसी गिरीलाई मन्त्रिपरिषद्को उपाध्यक्ष बनाइएको छ । यस्तो स्थितिमा राजाबाट संवाद र सहमतिको हात बढ्छ भन्ने आशा गर्नुहुन्छ ?***

राजाले अहिले जुन मन्त्रिपरिषद् बनाएका छन्, त्यो संविधानविपरीत काम भएको छ । त्यसकारण कुनै तुलसी गिरी भन्नोस् वा कुनै गिरी भन्नोस् वा कुनै बहादुर भन्ने म चिन्दिनँ ।

***दुई काँग्रेस एकताको विषयमा के भइरहेछ ?***

दुईटा काँग्रेस, एउटा काँग्रेस, एमाले, माले भनेर छुट्याउने बेला अहिले छैन। अहिले राजाको प्रत्यक्ष शासनको बिरुद्धमा जो-जो आउँछन्, सबैलाई समेटेर अगाडि बढ्नुपर्छ।

***काँग्रेसले संसद् पुनर्स्थापनाको मागमा अढाइ वर्ष आन्दोलन गर्‍यो र तपाईं यसैलाई सबै समस्या समाधानको बाटो भन्नुहुन्छ। तर, माओवादीले त संसद् पुनर्स्थापना भयो भने हामी वार्तामा आउँछौं भनेर कहिल्यै भनेका छैनन् नि ?***

माओवादीलाई तपाईंहरु बढ्ता महत्व नदिनुहोस्। सम्पूर्ण जनता र पार्टी एकापट्टि एकजुट हुने हो भने माओवादीहरु एक्लिएर जान्छन्। महत्वपूर्ण कुरा के हो भने राजा र दलबीच समझदारी कायम भएमा माओवादी समस्या समाधान हुन्छ। राजाले एक्लै गरेर हुँदैन र सैनिक समाधान पनि छैन। यो समस्याको समाधान वार्ताबाट नै गरिनुपर्छ।

***संसद् हुँदा पनि त माओवादी समस्या थियो। अब, संसद्ले कसरी समाधान गर्छ ?***

हामीले त पूर्ण प्रजातन्त्रको माग गरेका छौं। राजा पूर्ण संवैधानिक हुनुपर्‍यो र तपाईंहरुले पनि झण्डा बोकेर सडकमा ओर्लन नपरोस् भनेको हो। हामी जान खोजेको दिशा त्यही हो र त्यता संसद्को माध्यमबाट जान सकिन्छ।

***२०१७ साल पुस १ गते र २०६१ माघ १९ मा के फरक पाउनुभयो ?***

त्यतिखेर राजाले घुमाई-फिराई शासनसत्ता आफ्नो हातमा लिएका थिए। अहिले हाक्काहाक्की लिए, सबै जनतालाई *च्यालेन्ज* गरेर लिए। फरक यत्ति हो।

***लामो समयदेखि आन्दोलन चलिरहेको छ। तर, सर्वसाधारणको सहभागिता किन बढ्न सकेको छैन ?***

आन्दोलन हामीले मात्रै होइन, तपाईंहरुले पनि गरिरहनुभएको छ। कमजोरी हो भने तपाईंहरुको पनि हो हाम्रो मात्रै होइन।

***काँग्रेसको स्थगित महाधिवेशन कहिले हुन्छ ?***

महाधिवेशनलाई हामीले आन्दोलनकै रुपमा लिएर जाने घोषणा गरेका थियौं। तर, परिस्थितिवश त्यसो हुन सकेन। अब कार्यसमितिको बैठकले नै निर्णय गर्छ।

**नेपाली काँग्रेस केन्द्रीय कार्यालयको चैत्र १९, २०६१ को**

## प्रेस विज्ञप्ति

गत माघ १९ गतेको शाही घोषणापछि नेपाली काँग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई घरमै नजरवन्द गरेर राखिएको छ। ८२ वर्षीय कोइरालालाई कसैलाई भेट्न दिइएको छैन र उहाँको स्वास्थ्य स्थिति कस्तो छ, त्यसका बारेमा पनि सरकारले कसैलाई जानकारी गराएको छैन। नेपाली काँग्रेस आफ्ना सभापति कोइरालाको स्वास्थ्य कस्तो छ अविलम्व त्यसको विवरण सार्वजनिक गर्न जोडदार माग गर्दछ। साथै राजवन्दीप्रति गर्नु पर्ने सामान्य व्यवहार र मानव अधिकारप्रतिको सम्मान व्यक्त गर्दै उहाँलाई उहाँका परिवारका सदस्यहरु एवं पार्टीका पदाधिकारी र शुभ चिन्तक तथा समाजका प्रतिष्ठित व्यक्तिहरुलाई भेट्न दिइयोस् भन्ने पनि नेपाली काँग्रेस आग्रह गर्दछ।

माघ १९ कै दिन नेपाली काँग्रेसका महामन्त्री सुशील कोइरालालाई पनि पक्राउ गरेर नेपालगञ्जमा प्रहरी हिरासतमा राखिएको छ। उहाँलाई पनि भेटघाट गर्ने र अन्य सुविधाबाट वञ्चित गरिएको छ। त्यस्तै अरु कति राजवन्दीहरुलाई जिल्ला प्रशासन कार्यालय, हनुमान ढोका, महेन्द्र पुलिस क्लव, महेन्द्र युवालय, ककनी र भक्तपुरको खरीपाटी र दधीकोटमा राखिएको छ। ती मध्ये कतिपय बन्दीलाई आफ्ना परिवारका सदस्यहरुलाई भेट्न पनि दिइएको छैन। कति बन्दीहरु अस्वस्थ भएको पनि थाहा भएको छ। तर उहाँहरु कसैलाई पनि स्वास्थ्योपचारको उचित व्यवस्था गरिएको छैन। उहाँहरुलाई स्वच्छ खानेपानी र स्वस्थ खाना पनि उपलब्ध गराइएको छैन र अत्यन्त अस्वस्थकर स्थानमा राखिएको छ र उहाँहरुलाई सुत्न बस्न पनि ज्यादै असुविधा भएको छ।

राजधानी बाहिर अन्य कतिपय जिल्लामा पनि यसरी नै धेरैलाई पक्राउ गरिएको छ र उहाँहरु सबैलाई सामान्य मानवोचित सुविधासम्म पनि दिइएको छैन र अत्यन्त यातनापूर्ण अवस्थामा राखिएको छ। यी सबै विषयमा संवेदनशील भएर उहाँहरुको मानव अधिकार रक्षाको निमित्त अविलम्व उचित कदम चालिदिन नेपाली काँग्रेस सम्पूर्ण मानव अधिकारवादी संघ संस्थाहरुलाई हार्दिक अनुरोध गर्दछ।

## नेपाली काँग्रेसद्वारा जारी शान्तिपूर्ण एवं अहिंसात्मक आन्दोलन (सत्याग्रह) मा गिरफ्तारी दिनेहरुको नामावली

२०६१ माघ १९ गतेको शाही कदमका विरुद्ध नेपाली काँग्रेसले २०६१ फागुन ७ गतेदेखि अधिराज्यव्यापी विरोधका विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। चैत्र ७ गतेदेखि देशव्यापी रुपमा सत्याग्रहका कार्यक्रम मार्फत नेपाली काँग्रेसले आन्दोलनलाई सबैको सहयोग, समर्थन प्राप्त गर्दै नयाँ उचाइतर्फ विकसित गर्दै लगेको छ। यसैलाई निरन्तरता दिँदै जिल्लामा जिल्ला प्रशासन कार्यालय अगाडि र केन्द्रमा सिंहदरवार अगाडि वा मूल सडकमा जहाँ अनुकूल हुन्छ, त्यही आन्दोलनकारीहरुले प्रत्येक दिन गिरफ्तारी र धर्ना दिने पूर्व निर्धारित कार्यक्रम अनुसार

देशव्यापी रुपमा सत्याग्रहका कार्यक्रमहरु संचालन भएका छन् ।

निर्वासनमा जाने र भूमिगत बस्ने पार्टीको नीति नरहेकोले आन्दोलनका कार्यक्रमहरुमा सबै साथीहरुले सत्याग्रहका रुपमा संचालन गरिने आन्दोलनका कार्यक्रमहरुमा पार्टीका केन्द्रीय सदस्यहरु, पूर्व केन्द्रीय सदस्यहरु, सांसदहरु, पूर्व सांसदहरु, महासमितिका सदस्यहरु, महाधिवेशनका प्रतिनिधिहरु, जिल्ला/क्षेत्र/नगर/गाउँ/वडा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु भातृ एवं शुभेच्छुक संघ/संस्थाका सबै तहका पदाधिकारी तथा सदस्यहरुले अनिवार्य रुपमा गिरफ्तारी दिनु पर्ने नेपाली काँग्रेसले यस अघि नै घोषणा गरिसकेको थियो ।

**शान्तिपूर्ण एवं अहिंसात्मक आन्दोलन**मा सहभागी भएका नेपाली काँग्रेसका नेता एवं कार्यकर्ताहरुलाई सुरक्षाकर्मीहरुले विभिन्न मितिमा गिरफ्तार गरेका नामावलीहरु यस प्रकार छ ।

**नेपाली काँग्रेस केन्द्रीय कार्यालयको चैत्र १९, २०६१ को**

## प्रेस विज्ञप्ति

नेपाली काँग्रेस केन्द्रीय कार्यसमितिका सदस्य श्री विनयध्वज चन्दको नेतृत्वमा पार्टीको प्रेस शाखा प्रमुख पुरुषोत्तम बस्नेत समेतको टोलीले आज अपरान्ह राष्ट्रिय मानव अधिकार आयोगका सम्माननीय अध्यक्ष नयनबहादुर खत्री र सदस्य डा. गौरीशंकर लाललाई उहाँको कार्यालय पुल्चोकमा भेट्यो । भेटको अवसरमा सो टोलीले– गत माघ १९ गतेदेखि नजरवन्दमा राखिनु भएका नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालालाई कसैसँग भेट्न तथा समाचार पत्रहरु पढ्न र सामान्य घुमफिर गर्नसम्म पनि वन्देज गरेर मानव अधिकारको सामान्य मर्यादा पनि कायम नगरेको तथा उहाँको स्वास्थ्यस्थिति कस्तो छ, त्यस बारे पनि कुनै सार्वजनिक जानकारी दिइएको छैन, माघ १९ कै दिन पक्राउ गरेर नेपालगञ्ज जिल्ला प्रहरी कार्यालय बाँकेमा राखिनु भएका नेपाली काँग्रेसका महामन्त्री सुशील कोइराला तथा तनहुँमा हिरासतमा राखिएका केन्द्रीय कार्यसमितिका सदस्य रामचन्द्र पौडेल तथा राजधानीको विभिन्न वन्दीगृह र जिल्लाहरुमा हिरासतमा राखिएका अनेकौं राजवन्दीहरु अस्वस्थ भएको, उचित उपचारको कुनै व्यवस्था नगरेको, भेटघाटमा बन्देज लगाइएको एवं खाने र बस्ने समेत उचित प्रबन्ध नभएको इत्यादि विषयको जानकारी गराएको थियो ।

भोलि चैत्र २० गतेदेखि नेपाली काँग्रेस केन्द्रीय कार्यसमितिका सदस्य श्री विनयध्वज चन्दको नेतृत्वमा पार्टीका केही साथीहरुको टोलीले विभिन्न स्थानमा बन्दीगृहमा राखिनु भएका नेता तथा कार्यकर्ताहरुलाई भेटी उहाँहरुको स्थितिको बारेमा जानकारी लिने कार्यक्रम रहेको छ ।

**२०६१ चैत्र २२ गते**

**पर्सा**– जिल्लाबाट प्राप्त समाचार अनुसार, त्यहाँ नेपाली काँग्रेसको जिल्ला कार्यालयबाट पार्टीको झण्डा र प्लेकार्ड बोकी निस्केको जुलुस महावीरस्थान हुँदै मूल सडक माईस्थान चोकमा धर्नामा बसेको थियो । उक्त धर्ना बसेको जुलुसबाट नेपाली काँग्रेसका– रामनारायण सिंह, बलराम क्षेत्री, मुकुन्द उपाध्याय, गोपालपसाद रौनियार, अरुण क्षेत्र र राजेन्द्र साहलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेको छ ।

**२०६१ चैत्र १८ गते**

**रुपन्देही**– नेपाल तरुण दल र नेपाल विद्यार्थी संघका कार्यकर्ताहरुले आज जुलुस प्रदर्शन गरेका छन् । जुलुसबाट नेपाल तरुण दलका जिल्ला सदस्यहरु नेत्रबहादुर क्षेत्री, राजबहादुर क्षेत्री, चिरञ्जीवी पौडेल र हिरा के.सी., नेपाल तरुण दलका प्रतिनिधिहरु खड्गबहादुर बस्नेत, विष्णुप्रसाद भण्डारी र अग्निप्रसाद अधिकारी, नेपाल विद्यार्थी संघका प्रतिनिधिहरु लोकनाथ अधिकारी र मुक्ति पौडेललाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**चितवन**– शहीदचोकमा धर्ना दिएका रत्ननगरपालिका वडा नं. ७ निवासी नेपाली काँग्रेसका ७० वर्षीय महाप्रसाद वगाले र मणिप्रकाश खतिवडालाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**२०६१ चैत्र १७ गते**

**पर्सा**– जिल्लाबाट प्राप्त समाचार अनुसार त्यहाँ नेपाली काँग्रेसको जिल्ला कार्यालयबाट पार्टीको झण्डा बोकी निस्केको जुलुसले स्थानीय माइस्थान चोकको मूल सडकमा धर्ना बस्यो । उक्त धर्नाबाट नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि दिनानाथ साह, अरुण सिंह, मणिकुमार खड्का, बुधन सहनी, विन्देश्वर प्रसाद कुर्मी, हरिबहादुर गेलाल र सुकर अन्सारीलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**चितवन**– स्थानीय पुल्चोकमा धर्ना दिएका नेपाली काँग्रेसका चैनपुर गाउँ समितिका पूर्व सभापति रामनाथ न्यौपाने, क्रियाशील सदस्य बालकृष्ण खनिया, खेमप्रसाद उप्रेती र भीमसेन खनाल, पटिहानी–५ का इश्वर गुरुङ, शिवनगरका क्रियाशील सदस्य कर्णबहादुर गुरुङ, अयोध्यापुरीका मेघनाथ खनाल, भ.न.पा. –१, २ र १० का क्रमशः विनोद ढकाल, गौतम गुरुङ र अनुपचन्द्र सुवेदीलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् । चैत्र १५ गते पक्राउ गरिएका नेपाली काँग्रेस क्रियाशील सदस्यहरु– मोहन अधिकारी र विष्णुबहादुर बस्नेतलाई थुनुवा पुर्जि दिइएको छ ।

**मोरङ**– नेपाल महिला संघ मोरङद्वारा विराटनगरको व्यस्त बजार वुधहाँट चोक (गुद्री) मा विरोध जुलुस प्रदर्शन भएको छ । अत्यन्त कडा सुरक्षाका वावजुद पनि महिला आन्दोलनकारीहरु अलिकति पनि विचलित नभई पार्टीको झण्डा बोकेर "प्रतिनिधि सभा पुनर्स्थापना गर, शाही घोषणा फिर्ता गर, नेपाल महिला संघ जिन्दावाद" जस्ता नारा लगाएका थिए । ततपश्चात सुरक्षाकर्मीहरुले नेपाल महिला संघकी केन्द्रीय सदस्य भोटनीदेवी खवास, मोरङकी सहसचिव विजयता अधिकारी, जिल्ला सदस्य विमला आचार्य, क्षेत्रीय प्रतिनिधि चानसरीदेवी माझी र रत्ना श्रेष्ठ, सक्रिय सदस्य गेडीदेवी माझी, क्षेत्रीय प्रतिनिधि रामवती माझी, क्रियाशील सदस्यहरु लीला श्रेष्ठ, रम्नी खवास र अमावति माझीलाई गिरफ्तार गरेका छन् ।

**स्याङ्जा–** मा पनि यही चैत्र १५ गते गिरफ्तार गरिएका १९ जना मध्ये नेपाली काँग्रेसका जिल्ला सभापति एवं राष्ट्रिय सभाका सांसद खगेन्द्रराज रेग्मी, उपसभापति एवं महासमिति सदस्य सूर्यप्रसाद रेग्मी, महासमिति सदस्यहरु जगतबन्धु अर्याल, शिवकुमार अधिकारी र शिवकुमार गिरी, पुतलीबजार नगरपालिकाका नगर सभापति कृष्णप्रसाद अर्याल, वालिङ नगरपालिका –७ का पोतप्रसाद लम्सालालाई तीन महिने पुर्जि दिइएको छ ।

**२०६१ चैत्र १६ गते**

**पर्सा**– नेपाली काँग्रेस, नेकपा (एमाले) र ने.कां. प्रजातान्त्रिक समर्थित तीन वटै पार्टीका विद्यार्थीहरुले आज माइस्थान मन्दिर अगाडिबाट शुरु गरेको विरोध प्रदर्शन मूल सडकमा पुग्दा प्रहरीले हस्तक्षेप गरी नेपाल विद्यार्थी संघका सन्तोष गुप्ता, अवधेश साह, प्रदीप गुप्ता सहित ८ जना, नेपाल तरुण दलका केन्द्रीय सदस्य राधेश्याम चौरसिया, मनोज महतो लगायत ५ जना र ने.कां. प्रजातान्त्रिकका १० जना विद्यार्थीहरुलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**सुर्खेत**– नेपाली काँग्रेसका कार्यकर्ताहरुले वीरेन्द्रनगरमा पार्टीको झण्डा सहित नारा लगाएर विरोध प्रदर्शन गरेका छन् । विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीहरुले लाठी प्रहार समेत गरेका थिए र नेपाली काँग्रेसका काशीराम जैसी, कमलराज रेग्मी, भीष्म हमाल र अन्नतप्रसाद पौडेललाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**यही २०६१ चैत्र ११ गतेका दिन महेन्द्र युवालय बन्दीगृह (ललितपुर) मा बन्दी अवस्थामा रहेका नेपाली कांग्रेसका केन्द्रीय सदस्य श्री बलबहादुर राईको अध्यक्षतामा नेपाली कांग्रेसका साथीहरुले एक भेला गरी केही सुझावहरु नेपाली कांग्रेस समक्ष प्रस्तुत गरेका छन् । मुख्य सुझावहरुमा नेपाली कांग्रेसले प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा साना ठूला सबै संसदवादी दलहरुलाई सहमत गराई शाही घोषणा विरुद्धको आन्दोलन अझ सशक्त बनाउनु पर्ने, आन्दोलनबारे विभिन्न भ्रम सिर्जना भएकोमा त्यसको निवारण गर्नु पर्ने तथा शान्तिपूर्ण एवं अहिंसात्मक आन्दोलनलाई अझ अगाडि बढाउन पार्टीका सबै निकायका साथीहरु बीच समन्वय हुनु पर्ने रहेका छन् । सो भेलामा वन्दी अवस्थामा रहेका मा. अमियकुमार यादव, पूर्व सांसद गोविन्द शर्मा कंडेल लगायत २७ जनाको उपस्थिति थियो । साथै वन्दीगृहमा रहेका नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरुले वन्दी अवस्थामा पाउनु पर्ने सुविधाहरु नपाएकोले आज खाना छाड्ने निर्णय गरेको जानकारी प्राप्त भएको छ ।**

**२०६१ चैत्र १५ गते**

काठमाडौंबाट गिरफ्तार गरिएका ५६ जना मध्ये ५२ जनालाई तीन महिनाको पुर्जि दिइएको छ ।

**काठमाडौं**– आज नेपाली काँग्रेस जिल्ला कार्यसमिति गोरखाका सभापति एवं पूर्व राज्यमन्त्री श्री चिनकाजी श्रेष्ठको नेतृत्वमा रत्नपार्कबाट निस्केको



जुलुसबाट उहाँ लगायत गोरखाका महासमिति सदस्यहरु चिजकुमारी घले, सुकदेव दवाडी र निर्मल पोखरेल, महाधिवेशन प्रतिनिधिहरु जनार्दन अर्याल, ठाकुरप्रसाद पुडासैनी र लक्ष्मी पन्त, जिल्ला कार्यसमितिका सदस्य श्रीमती रविकला खनाल, क्रियाशी सदस्यहरु देवानन्द न्यौपाने, अच्युत न्यौपाने, दीपक देवकोटा र यमलाल लामिछानेलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

यसरी नै नेपाली काँग्रेस केन्द्रीय संगठन विभागका सदस्य-सचिव, पूर्व सांसद एवं नेपाली काँग्रेस काभ्रेका सभापति शिवप्रसाद हुमागाइँको नेतृत्वमा सिंहदरवारमा सत्याग्रह धर्ना दिने काम सम्पन्न भयो । श्री शिवप्रसाद हुमागाइँले नेपाली काँग्रेसद्वारा संचालन गरिएको यो आन्दोलनमा प्रमुख भूमिका निर्वाह गर्दै आउनु भएको थियो । २०६१ माघ १९ गतेको शाही कदमका विरुद्ध नेपाली काँग्रेसद्वारा संचालन भएको आन्दोलनमा संगठन विभागको सदस्य-सचिवको हैसियतले आन्दोलनलाई अघि बढाउन उहाँको महत्वपूर्ण योगदान रहेको थियो । आज उहाँको नेतृत्वमा सिंहदरवारमा सम्पन्न सत्याग्रहमा उहाँ लगायत गिरफ्तार हुनेहरुमा– महासमिति सदस्यहरु हर्षजीत लामा र कुमार लामिछाने, महाधिवेशन प्रतिनिधिहरु– चन्द्र लक्ष्मी ताम्राकार, उद्धव कोइराला, वेनगोपाल खोजु श्रेष्ठ र ललिता किडरिङ, क्षेत्र नं. २ का विदुर बन्जारा, सोही क्षेत्रका क्षेत्रीय सदस्य केशव तिमिल्सीना, नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष सुन्दरमणि आचार्य, धुलिखेल नगरसमितिका सभापति विमल व्याजु श्रेष्ठ, पूर्व महासमिति सदस्य वावुरत्न श्रेष्ठ, क्षेत्र नं. १ का क्षेत्रीय सदस्य प्रमोद कोइराला, क्षेत्रीय महिला प्रतिनिधि इन्द्रकुमारी खड्का, ने.कां. जिल्ला कार्यसमिति सदस्यहरु वेदप्रसाद न्यौपाने र विष्णुप्रसाद भुर्तेल, पशुपति बहुमुखी क्याम्पस इकाई सचिव माधव ढकाल र सदस्य राजु कोइराला, क्रियाशील सदस्य राजेश लामा हुनुहुन्छ । उहाँहरु सबै जना काभ्रेपलाञ्चोक जिल्लाका हुनुहुन्छ ।

यसैगरी आजै नेपाली काँग्रेस काठमाडौं महानगर समितिका सभापति एवं नेपाली काँग्रेस काठमाडौंका नेता सुरेन्द्र मिश्रको नेतृत्वमा अर्को एउटा जुलुसले सिंहदरवार अगाडि धर्ना दिएर सत्याग्रहको कार्यक्रम सम्पन्न गरेको छ । श्री सुरेन्द्र मिश्र २०६१ माघ १९ गतेको शाही कदमका विरुद्ध नेपाली काँग्रेसले संचालन गरेको आन्दोलनका कार्यक्रमहरुमा सक्रिय भूमिका निर्वाह गर्नु भएको थियो । आजभन्दा अघिका आन्दोलनका हरेक कार्यक्रमको संचालन गर्दै आउनु भएका श्री सुरेन्द्र मिश्रको नेतृत्वमा गएको जुलुसले सिंहदवार अगाडि धर्ना दिने पार्टीको घोषित कार्यक्रम अनुसार आज उहाँको नेतृत्वमा गएका नेपाली काँग्रेस, नेपाल तरुण दल, नेपाल महिला संघका कार्यकर्ताहरुले सिंहदरवार अगाडि धर्ना दिएर सत्याग्रहको कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गरेका छन् । आज सिंहदरवार अगाडि धर्ना दिई गिरफ्तार हुनेहरुमा– सुरेन्द्र

मिश्र, रमा गुरागाई, प्रमिला सिंह, उर्मिला आचार्य, पुरुषोत्तम मघैयाँ, शम्भुप्रसाद अधिकारी, विष्णु भण्डारी, शिवबहादुर घर्ती, किरण श्रेष्ठ, जगन्नाथ धिमाल, प्रदीप पुडासैनी, गोविन्द पुडासैनी, नरेशराज जोशी, भक्तपुरका आशाबहादुर दुवाल र प्रविण बुढाथोकी हुनुहुन्छ ।

त्यसरी नै सिन्धुपाल्चोकका कार्यवाहक सभापति श्रीमती वसुन्धारा लामा श्रेष्ठको नेतृत्वमा काठमाडौँको मछिन्द्रवहालबाट निस्केको जुलुस असन हुँदै शहरका विभिन्न ठाउँमा प्रदर्शन गरेको छ । उक्त कार्यक्रममा वसुन्धारा लामा श्रेष्ठ सहित नेपाली काँग्रेसका विकास लामा, रत्नसागर लामा, डिल्लीराम नकर्मी, क्षेत्रीय सभापति फौजसिंह थापा, व्रतराज
(रोशन), ग्यानल थापा, भिष्मप्रताप भण्डारी, अन्जनकुमार चौलागाई, टेकबहादुर भण्डारी, नेपाल विद्यार्थी संघका अध्यक्ष गणेश सिग्देल, पशुपति क्याम्पसको स्ववियु सहसचिव वलदेव तिमिल्सीना, हरि सिग्देल, क्षेत्रीय प्रतिनिधि कल्पना नेपाल, तारा शाक्य, राजीव लामा र रामबहादुर लामा सहभागी हुनुहुन्थ्यो ।

**रोल्पा**– नेपाली काँग्रेसका पूर्व सांसद लेखनाथ आचार्यको नेतृत्वमा धर्ना दिने कार्यक्रम सम्पन्न भएको छ । धर्नाबाट उहाँ लगायत जिल्ला सभापति माधव आचार्य, रामकृष्ण गुम, ताराप्रसाद आचार्य, भीमकान्त आचार्य, दामोदर आचार्य, गजसिंह के.सी., नन्दु गिरी, दिलमान पुन, मानव रोका र श्रीकुमारी घर्तीलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**तनहुं**– नेपाली काँग्रेस तनहुँका सभापति श्री रघुनाथ पौडेलको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय तनहुँको मुलद्वारमा पार्टीको निर्देशनानुसार १ बजे सत्याग्रहको कार्यक्रम सम्पन्न भयो । नेपाली काँग्रेसका १०० भन्दा बढि कार्यकर्ताहरुले माघ १९ गतेको शाही घोषणाको विरोध गरेका थिए । धर्नाबाट गिरफ्तार हुनेहरुमा– नेपाली काँग्रेस तनहुँका सभापति रघुनाथ पौडेल, जिल्ला कार्यसमितिका सदस्यहरु– किरण पौडेल, हरिप्रसाद वाग्ले, रुद्रबहादुर सेन र रघुबहादुर के.सी., महाधिवेशन प्रतिनिधि ध्रुवकुमार श्रेष्ठ, आमन्त्रित सदस्य सुन्दर अधिकारी, नेपाल भूतपूर्व सैनिक संघका अध्यक्ष गणेशबहादुर पन्त र जिल्ला कार्यसमितिका सदस्य जुक्तराज वाग्ले र विष्णुप्रसाद श्रेष्ठ, व्यास नगरपालिका वडा नं. ११ का सभापत इन्द्रबहादुर दरै, नेपाल तरुण दल व्यास नगर समितिका अध्यक्ष रामदेव पन्त र पूर्व सचिव विद्युतकेशरी न्यौपाने, नेपाली काँग्रेसका क्षेत्रीय प्रतिनिधिहरु सूर्यभक्त भण्डारी र नरनाथ काफ्ले, क्रियाशील सदस्यहरु– पूर्णचन्द्र खनाल र बालकृष्ण पौडेल, नेपाल विद्यार्थी संघका उद्धित पौडेल हुनुहुन्छ ।

**कास्की**– जिल्ला प्रशासन कार्यालयभित्र कम्पाण्डमा नेपाली काँग्रेसका १०० भन्दा बढी कार्यकर्ताहरुले दिउँसो १२:३० बजे धर्ना दिएका थिए । धर्नाबाट महासमिति सदस्य रामचन्द्र त्रिपाठी, क्षेत्रीय उपसभापति मनिलाल गुरुङ, क्षेत्रीय प्रतिनिधि रसकुमारी गुरुङ, क्रियाशील सदस्यहरु– तर्कबहादुर के.सी., हामी सुब्बा गुरुङ, गंगा के.सी.लाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**पर्सा**– नेपाली काँग्रेसको पार्टी कार्यालयबाट प्लेकार्ड, पार्टीको झण्डा बोकेर निस्केको जुलुसले माइस्थान चोकमा पुगी मूल सडकमा धर्ना दिए । धर्नामा बसेका नेपाली काँग्रेसका श्रीमती अजर तवरोज, वेनुचन्द्र कुशवाहा, प्रदीपविक्रम राणा, श्यामकिशोर साह आर्य, मन्सुर आलमलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**मकवानपुर**– नेपाली काँग्रेसका जिल्ला सभापति नरेन्द्र मिश्रको नेतृत्वमा हेटौडा नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिनका गएका आन्दोलनकारीहरुलाई बीच बाटोबाटै सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् । यसरी गिरफ्तारीमा पर्नेहरुमा– नेपाली काँग्रेसका जिल्ला सभापति नरेन्द्र मिश्र, महासमिति सदस्यहरु रघुरमण न्यौपाने र नारायण तिमिल्सीना, ३ नं. क्षेत्रका क्षेत्रीय सभापति ईश्वर पौडेल, महाधिवेशन प्रतिनिधि हरिप्रसाद सुवेदी, जिल्ला कार्यसमितिका सदस्य रोशन शर्मा, क्षेत्र नं. १ का क्षेत्रीय सभापति धर्म लामिछाने, उपसभापति शिव न्यौपाने, ७ नं. वडा सभापति दीपक खड्का, क्रियाशील सदस्य वेदराज पौडेललाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**दाङ**– विरोध प्रदर्शनको तयारीको क्रममा विहान ७ बजेदेखि गिरफ्तारीमा पर्नेहरुमा– पार्टी उपसभापति कमानसिंह डाँगी, पार्टी सचिव शंकर गिरी, नेपाल तरुण दलका पूर्व केन्द्रीय सदस्य वासुदेव जंगली, केशव आचार्य, यज्ञनारायण आचार्य हुनुहुन्छ । त्यसैगरी पुरानो बैंक रोडबाट गिरफ्तार हुनेहरुमा– नेपाली काँग्रेसका भरत न्यौपाने, घनश्याम शर्मा, तिलकबहादुर डाँगी, युवराज कोइलि, कालिराम डाँगी, गोपाल शर्मा, शिवप्रसाद शर्मा, पाण्डव खनाल, शिवशंकर देवकोटा, पोषण आचार्य, गोविन्द मजगैयाँ, लेवेन्द्र धिताल, किर्ति खड्का र रणबहादुर भण्डारी हुनुहुन्छ । त्यसैगरी शाही घोषणाको विरोध प्रदर्शनका सन्दर्भमा पत्रकारसँग अन्तरक्रिया गर्ने क्रममा नेपाली काँग्रेस जिल्ला कार्यालयबाट नेपाल महिला संघकी केन्द्रीय सदस्य श्रीमती अनिता देवकोटा सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**झापा**– नेपाली काँग्रेसका नेता एवं पूर्व जिल्ला सभापति पूर्णानन्द शर्माको नेतृत्वमा २०० भन्दा बढी कार्यकर्ताहरुले आज जिल्ला प्रशासन कार्यालयमा गई प्रजिअलाई ज्ञापन पत्र दिएका छन् । ज्ञापन पत्र दिएका नेपाली काँग्रेसका नेता पूर्णानन्द शर्मा र सुरङ्गा गाउँ कार्यसमितिका सभापति रमेश श्रेष्ठलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**बांके**– नेपाली काँग्रेसका कार्यकर्ताहरुले जिल्ला प्रशासन कार्यालय अगाडि विरोध प्रदर्शन गर्ने क्रममा सुरक्षाकर्मीहरुले पूर्व गा.वि.स. अध्यक्ष खिमप्रसाद दाहाल, नेपाली काँग्रेस जिल्ला कार्यसमितिका सदस्य सावीर अली जसगर, महिला कार्यकर्ताहरु– इस्लाम वागवान, गुन्जा पठान, जनतुल पठान, ऐसा वेहना, वेलमता तमौली, सम्सेल मियालाई गिरफ्तार गरेका छन् ।

**चितवन**– स्थानीय शहीदचोकमा नेपाली काँग्रेसका कार्यकर्ताहरुले धर्ना दिए । धर्नाबाट रत्ननगर नगरपालिका –५ का मोहन अधिकारी र विष्णुबहादुर बस्नेतलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**स्याङ्जा**– नेपाली काँग्रेसका जिल्ला सभापति एवं राष्ट्रिय सभाका सांसद खगेन्द्रराज रेग्मीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिन पार्टी कार्यालयबाट झण्डा बोकी नाराका साथ जुलुस अगाडि बढेकोमा बाटोबाटै सभापति खगेन्द्रराज रेग्मी सहित उपसभापति एवं महासमिति सदस्य सूर्यप्रसाद रेग्मी, महासमिति सदस्यहरु–

जगतबन्धु अर्याल, शिवकुमार अधिकारी र शिवकुमार गिरी, नेपाल तरुण दलका सरस्वती तिवारी, जिल्ला कार्यसमितिका सदस्य केदार काफ्ले, महाधिवेशन प्रतिनिधि प्रेमकुमारी रेग्मी, क्षेत्र नं. १ का क्षेत्रीय सभापति गोपालप्रसाद ढकाल, नेपाल आदिवासी जनजाति संघका जिल्ला सभापति क्या. मनप्रसाद गुरुङ, वालिङ नगरपालिका वडा नं. ७ का पोतप्रसाद लम्साल, वहाकोटका देवबहादुर सिंह ठकुरी, नेपाल महिला संघकी क्षेत्रीय प्रतिनिधिहरु– अम्बिका पौडेल, नन्दकली पौडेल, भीमलाल सुवेदी र बखतबहादुर गुरुङ, पुतलीबजार नगरपालिका नगर सभापति कृष्णप्रसाद अर्याल, नारायणप्रसाद शर्मा, क्रियाशील सदस्य दुर्गाप्रसाद पौडेललाई सुक्षाकर्मीहरुले गिरफ्तार गरेका थिए ।

**नवलपरासी–** जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना बस्न गएका आन्दोलनकारीहरुमाथि सुरक्षाकर्मीहरुले लाठी प्रहार गरेका छन् । त्यसपछि आन्दोलनकारीहरुले परासी चोकमा जुलुस प्रदर्शन गरी कोणसभाको आयोजना गरेका थिए ।

**नेपाली काँग्रेस केन्द्रीय कार्यसमितिका सदस्य तथा राष्ट्रिय सभाका माननीय सांसद श्री बलबहादुर राईलाई आज स्थानीय प्रशासनले रिहाइ गरेको छ । उहाँ यही चैत्र १ गते विरोध जुलुसको नेतृत्व गर्दा असनबाट पक्राउ गरिएको थियो ।**

## २०६१ चैत्र १४ गते

**काठमाडौं–** जिल्ला प्रशासन कार्यालयको कम्पाउण्डभित्र प्रवेश गरी धर्ना गर्ने क्रममा माघ १९ गतेको शाही घोषणाको विरुद्ध गगनभेदी नारा घन्काउँदै प्रजातन्त्रको पुनर्वहालीको माग गर्दै झण्डा सहितको जुलुस प्रदर्शन गर्दै आज दिउँसो १ बजे रत्नपार्क पुगेका नेपाली काँग्रेसका थुप्रै नेता तथा कार्यकर्ताहरुलाई प्रहरी प्रशासनले आफ्नो नियन्त्रणमा लिएको खबर प्राप्त भएको छ । यसरी गिरफ्तारीमा पर्नेहरुमा पूर्व राज्यमन्त्री महादेव गुरुङ (कास्की) को नेतृत्वमा निस्केको जुलुसमा पूर्व राज्यमन्त्री पुष्करनाथ ओझा (कैलाली), चित्रबहादुर कार्की (भोजपुर), दानबहादुर बानिया (ओखलढुंगा), जगतप्रसाद जोशी (बझाङ), बलबहादुर कुँवर (अछाम) र पूर्णबहादुर ढकाल -झापा) हुनुहुन्छ ।

**चितवन–** चितवन जिल्ला प्रशासन अगाडि धर्ना दिन भनी निस्केको जुलुसमा प्रहरी प्रशासनले नारायणगढको शहीद चोकमा पुगेको दर्जनौं नेपाली काँग्रेसका कार्यकर्ताहरुलाई नियन्त्रणमा लिएको छ । यसरी गिरफ्तारीमा पर्नेहरुमा छवीध्वज बुढाथोकी, राममणि न्यौपाने, देवीप्रसाद न्यौपाने, विष्णुप्रसाद भुसाल, रामेश्वर बस्नेत, झलक गुरुङ हुनुहुन्छ ।

**पाल्पा–** महाधिवेशन प्रतिनिधि तथा नेपाल दलित संघका केन्द्रीय सदस्य टीकाराम गहतराज, नेपाल विद्यार्थी संघका– जिल्ला सदस्य प्रकाश ज्ञवाली, क्षेत्रीय सदस्य विसन रसाली, क्षेत्रीय सदस्य श्रीकृष्ण बस्याल, त्रि.व.क्या.इकाई सदस्य सुरेश बोहरा र नेपाल विद्यार्थी संघ पाल्पा सम्पर्क समितिका अध्यक्ष प्रकाश पाण्डेलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् भने टिकाराम गहतराज र प्रकाश पाण्डेलाई जेल चलान गरिएको छ ।

## २०६१ चैत्र ११ गते

**रुपन्देही–** जिल्ला प्रशासन कार्यालयको कम्पाउण्डभित्र प्रवेश गरी माघ १९ गतेको शाही घोषणाको विरुद्ध गगनभेदी नारा घन्काउँदै प्रजातन्त्रको पुनर्वहालीको माग गर्दै धर्ना दिएका नेपाली काँग्रेसका १३ जना नेता तथा कार्यकर्ताहरुलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् । यसरी गिरफ्तारीमा पर्नेहरुमा जिल्ला सदस्य सोमनाथ शर्मा, उदयराज काफ्ले, वुटवल नगर कार्यसमितिका सभापति रामप्रसाद खनाल, उपसभापति दिनेश खाती, हरिप्रसाद पन्त, महाधिवेशन प्रतिनिधि शालिगग्राम शाह, अमुवा गाउँ कार्यसमितिका सभापति रत्नबहादुर पौडेल, वुटवल नगर कार्यसमितिका सदस्य दामोदर सुवेदी, आशिष न्यौपाने, आरती न्यौपाने, दिननाथ उपाध्याय, लेखनाथ उपाध्याय, गोलि केवट हुनुहुन्छ ।

**कास्की–** नेपाल विद्यार्थी संघका विद्यार्थीहरुले पृथ्वीनारायण क्याम्पसमा नारा लगाएर जुलुस प्रदर्शन गरेका छन् ।

## २०६१ चैत्र १० गते

**चितवन–** स्थानीय शहीदचोकमा धर्ना दिएका भरतपुर नगरपालिका वडा नं. १० का नेपाली काँग्रेसका इश्वरीप्रसाद पौडेल, जुटपानीका महाश्रम शर्मा र भरतपुर नगरपालिका वडा नं. ५ का सूर्य श्रेष्ठलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**सिरहा–** नेपाली काँग्रेस जिल्ला कार्यसमितिका सह सचिव तथा पूर्व गा.वि.स. अध्यक्ष जीवद्ध गुप्ता, क्षेत्र नं. ४ का क्षेत्रीय उपभापति कौशल मण्डल, क्षेत्रीय प्रतिनिधि एवं खिरौना गा.वि.स.का पूर्व अध्यक्ष जगदीश यादव, क्षेत्रीय प्रतिनिधि सिया राय यादव, सिरहा नगरपालिका ७ का क्रियाशील सदस्य धनिराम यादव, शक्तिदेव यादव, सन्हैठा गाउँ कार्यसमितिका सचिव राजकुमार त्यागी र सोही गा.वि.स.का पूर्व अध्यक्ष गंगाप्रसाद यादव, लक्ष्मीपुरका क्षेत्रीय प्रतिनिधि मोहमद मुसहरु मियाँलाई सुरक्षाकर्मीहरुले जिल्ला सदरमुकामबाट गिरफ्तार गरेका छन् ।

**काठमाडौं–** नेपाल तरुण दलका केन्द्रीय सदस्य पुष्पराज पराजुली र नेपाल तरुण दल काठमाडौंका आन्दोलन संयोजक गोविन्द पुडासैनीको नेतृत्वमा किर्तिपुरमा छड्के जुलुस प्रदर्शन भएको छ ।

**ताप्लेजुङ–** ताप्लेजुङ फुङलिङ गा.वि.स. वार्ड नं. ३ बस्ने नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि एवं क्षेत्र नं. १ का क्षेत्रीय सभापति जंगबहादुर बस्नेतलाई दिनको ३ बजे ताप्लेजुङ बजारबाटै सुरक्षा फौजले पक्राउ गरी सैनिक व्यारेकमा थुनामा राखेका छन् ।

**डडेल्धुरा–** नेपाली काँग्रेसका जिल्ला सभापति शेरबहादुर ढाँटको नेतृत्वमा निस्केको जुलुस र कोणसभामा सुरक्षाकर्मीहरुले हस्तक्षेप गरी सभापति ढाँट सहित महासमिति सदस्य रामचन्द्र चटौत, कोषाध्यक्ष गुणकर चटौत, जिल्ला कार्यसमितिका सदस्य तारक खड्का, सक्रिय सदस्यहरु लोकराज भट्ट र हरिबहादुर स्वाँर, गणेश महर, पदम महरलाई गिरफ्तार गरेका छन् ।

## २०६१ चैत्र ९ गते

**पाल्पा–** नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि सरस्वतीप्रसाद बस्याल घरबाटै गिरफ्तार गरिएको छ ।

## २०६१ चैत्र ८ गते

**दाङ–** नेपाली काँग्रेसका जिल्ला सभापति वीरकेशरी गौतम, जिल्ला उपसभापति कमानसिंह डाँगी, क्षेत्रीय सभापति तेजबहादुर डाँगी, जिल्ला सदस्यहरु सूर्य हमाल र दुर्गा बुढाथोकी, टोपबहादुर के.सी., वसन्त देवकोटा, ज्ञानप्रसाद सुवेदी, मेगराज आचार्य, एकराज शर्मा, भरत खत्री, सुन्दर सिंह, शिवराज सिंह ठकुरी, पाण्डुराज सिंह, भानुभक्त सिंह सहित १६ जनालाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् । साथै सुरक्षाकर्मीहरुले नेपाली काँग्रेसको जिल्ला कार्यालयबाट कागपत्रहरु पनि लगेका छन् ।

**बाँके–** सत्याग्रहको कार्यक्रमलाई निरन्तरता दिदै जिल्ला प्रशासन कार्यालय अगाडि नेपाली काँग्रेसका कार्यकर्ताहरुले धर्ना दिएका छन् । धर्नाबाट नेपाली काँग्रेसका पूर्व मन्त्री शिवराज जोशी, जिल्ला सचिव सुरेन्द्रनाथ सापकोटा, नेपाल ट्रेड युनियन काँग्रेसका उपसभापति लीला परियार र महिला संयोजक सिता काफ्ले, जिल्ला कार्यसमितिका रफिक वागवार, नेपाल ट्रेड युनियन काँग्रेसका जिल्ला सदस्य साविर अलि जसगर, वेलमता तमउलिलाई गिरफ्तार गरिएको छ ।

**तनहुं–** चार राजनीतिक दलहरुको संयुक्त जुलुसमाथि सुरक्षाकर्मीहरुले व्यापक हस्तक्षेप गरेको समाचार प्राप्त भएको छ । सुरक्षाकर्मीहरुले नेपाली काँग्रेसका महासमिति सदस्य उदयराज गौली, जिल्ला कार्यसमितिका सदस्य परमेश्वर भट्टराई, क्रियाशील सदस्य पूर्णचन्द्र खनाल, नेकपा एमालेका एकबहादुर राना, ने.कां.प्रजातान्त्रिकका शिवशरण वाग्ले र दलबहादुर दुरालाई गिरफ्तार गरेका छन् । नेपाली काँग्रेसका गोविन्द शिलवाल, परमेश्वर भट्टराई, क्षेत्रीय प्रतिनिधि सुक्रभक्त भण्डारी, क्रियाशील सदस्य पूर्ण चन्द्र खनालमाथि सुरक्षाकर्मीहरुले अभद्र र अमानवीय व्यवहारता प्रदर्शन गरेका थिए ।

**पर्सा–** नेपाली काँग्रेसका नेता एवं कार्यकर्ताहरुले माइस्थान घण्टाघरमा धर्ना दिए । धर्नाको कार्यक्रम समाप्तिपछि घर फर्कनु भएका नेपाली काँग्रेसका जिल्ला सभापति राजेन्द्र बहादुर अमात्यलाई उहाँको घर नजिकबाट सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् । उहाँसँगै गिरफ्तार पर्ने अन्य व्यक्तिहरुमा पूर्व सहायक मन्त्री अजयकुमार चौरसिया, विजयकुमार कर्ण, उत्तमा प्याकुरेल, भवानी घिमिरे र संगीता गुप्ता हुनुहुन्छ । त्यसैगरी माइस्थानको धर्ना कार्यक्रममा गिरफ्तार पर्नेहरुमा– नेपाली काँग्रेसका दिनानाथ गुप्ता, रामाज्ञा रौनियार, ग्रहण ठाकुर, प्रेमचन्द्र दुवे, इन्दभुषण उपाध्याय, साविर अन्सारी, तेजनारायण साह, सुरेन्द्र हाडा, पुरुषोत्तम सिंह भट्टराई, सुरेन्द्र पाण्डे, महादेव ठाकुर, प्रकाश खनाल, लोकेश श्रीवास्तव, भरत शाह, महम्मद राज हुसेल, योगेन्द्र सहनी, सूर्यबहादुर थापा, किशोरी प्रसाद कानू, लालदेव महतो, चण्डीका केशरवानी, गोपाल ठाकुर, राजाप्रसाद जैसवाल, गणेशप्रसाद यादव हुनुहुन्छ ।

**चितवन–** स्थानीय शहीद चोकबाट आ-आफ्नो पार्टीको भ्कण्डा सहित शाही घोषणाको विरोध गर्दै जुलुस प्रदर्शन भयो । जुलुसबाट कसैलाई पनि गिरफ्तार गरिएको छैन ।

**कास्की–** पोखरामा राजनीतिक दलहरुले विन्दवासीनी, अमरसिंह, जिरो कि.मी. र विरौटामा जुलुस प्रदर्शन गरेका छन् । जुलुसबाट नेकपा (एमाले) का मनबहादुर गुरुङ सहित ५ जनालाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**नवलपरासी–** नेपाली काँग्रेस नवलपरासीले शाही घोषणाको विरुद्ध आज निकालेको जुलुसमाथि सुरक्षाकर्मीहरुले हस्तक्षेप गरी केही व्यक्तिहरुलाई घाइते बनाएका छन् । हिजो चैत्र ७ गते गिरफ्तार हुनु भएका नेपाली काँग्रेस जिल्ला कार्यसमितिका सभापति कृष्णचन्द्र नेपाली, क्षेत्रीय सभापतिहरु क्रमशः पुष्पराज पौडेल, लालबहादुर गुरुङ, दिनेशकुमार उपाध्या र महाधिवेशन प्रतिनिधि राजेन्द्र कुमार सहनीलाई सुरक्षाकर्मीहरुले अझै पनि हिरासतमा राखेको जानकारी प्राप्त भएको छ ।

**कैलाली–** धनगढीको पुरानो भन्सार रोडमा विहान ११ बजेदेखि पार्टी भ्कण्डा सहित विरोध जुलुस प्रदर्शन भएको छ ।

**महोत्तरी–** आन्दोलनकारीहरुले बेलुका ७:३० देखि ७:४० बजेसम्म टोलटोलमा ब्याक आउट गरेका छन् । राति ८ बजे सुरक्षाकर्मीहरुले नेपाली काँग्रेसका मुरलीप्रसाद सिंह र मुनेश्वर चौधरीलाई गिरफ्तार गरेका छन भने राम देव पाठकको घरमा सुरक्षाकर्मीहरु घुसपैठ गरी अभद्र व्यवहार पदर्शन समेत गरेका थिए ।

**काठमाडौं–** नेपाली काँग्रेसका महासमिति सदस्य सुदर्शन आचार्यलाई शाही कदमको विरोधमा राजधानीमा जुलुस प्रदर्शन गरेकोमा सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

---

## २०६१ चैत्र ७ गते

**काठमाडौं–** नेपाली काँग्रेसका नेता एवं पूर्व राज्यमन्त्री सुरेश मल्लको नेतृत्वमा काठमाडौंको असनबाट निस्केको जुलुसले माघ १९ गतेको शाही घोषणाको विरोधमा नारावाजी गर्दै प्रदर्शन गर्‍यो । प्रदर्शनका क्रममा “माघ १९ गतेको शाही घोषणा फिर्ता गर” जस्ता नारा लगाइएको थियो । त्यसैगरी सुरक्षाकर्मीको लाठी प्रहारबाट ओखलढुंगाका रामहरि खतिवडा लगायतका दर्जनौं व्यक्ति घाइते हुनु भएको छ भने सुरेश मल्ल, रामहरि खतिवडा, नेपाल विद्यार्थी संघ सिन्धुपाल्चोकका सभापति सहित ५ जनालाई गिरफ्तार गरिएको छ ।

यसैगरी नेपाली काँग्रेस महासमिति सदस्य एवं उद्योगपति चिरञ्जीवीनिधि तिवारीको नेतृत्वमा निस्केको जुलुसले त्यौडमा विरोध जुलुस प्रदर्शन गरेका थियो । प्रदर्शनपछि सुरक्षाकर्मीले चिरञ्जीवीनिधि तिवारी, सिरहाका रामदयाल यादव, वावुराजा चित्रकार लगायतका दर्जनौंलाई गिरफ्तार गरेको छ ।

**ताप्लेजुङ–** नेपाली काँग्रेस जिल्ला कार्यसमितिका उपसभापति दिपेन्द्र सेन्दाङ, सहसचिव टेकबहादुर खतिवडा, सदस्यहरु जंगबहादुर बस्नेत, गजेन्द्र लिम्वू, चन्द्र खोपाङ सहित ८ जनालाई गिरफ्तार गरेका छन् ।

**मोरङ–** जिल्ला सह सचिव सुदनबहादुर कार्की, क्षेत्र नं. ५ का क्षेत्रीय सभापति विश्वनाथ रिजाल, विराटनगर ४ का वडा सभापति रामबहादुर थापा (सानु), वलिगामा गाउँ सभापति सत्यनारायण चौधरी, नेपाल तरुण दल जिल्ला सचिव कमल पुडासैनी, नेपाल विद्यार्थी संघ जिल्ला अध्यक्ष केदार कार्की, महेन्द्र मोरङ क्याम्पसका स्ववियु सचिव भीम पराजुली, क्षेत्र नं. ५ का क्षेत्रीय

उपसभापति निरन्जन दास, क्षेत्रीय प्रतिनिधि खड्गनारायण भगत, क्षेत्र नं. ५ क्षेत्रीय सदस्य शत्रुधनचन्द्र पौडेल, क्षेत्र नं. ५ का क्षेत्रीय सल्लाहकार बलबहादुर खवास, विराटनगर–६ का वडा सभापति मोहन पौडेल, विराटनगर–१ का क्रियाशील सदस्य सुनिल घिमिरे, झोराहाट गा.वि.स.का क्रियाशील सदस्य खिलप्रसाद घिमिरे, क्रियाशील सदस्य उदयकुमार अधिकारी, साधारण सदस्यहरु शेरबहादुर खवास र शिवधन थन्दार, नेपाल विद्यार्थी संघका पूर्व जिल्ला सहसचिव राजकुमार कोइराला र पूर्व जिल्ला सदस्य प्रभाकरमानसिंह कार्की, गोकर्ण सेढाई, नेपाल विद्यार्थी संघ महेन्द्र मोरङ क्याम्पसका इकाई सदस्यहरु मोहनविक्रम दाहाल, दिपेन्द्र ढुंगाना र खगेन्द्र दाहाल, नेपाल तरुण दलका जिल्ला सदस्य सीताराम भगत गिरफ्तार हुनु भएको छ ।

**लम्जुङ–** नेपाली काँग्रेसका जिल्ला सभापति शंकरकान्त जोशी, सचिव कृष्ण कोइराला, कोषाध्यक्ष अर्जुन पराजुली, सहसचिव हरि बराल, पूर्व राज्यमन्त्री रामबहादुर गुरुङ, पूर्व सांसद हरिभक्त अधिकारी, पूर्व सभापति चन्द्रबहादुर कुँवर, महाधिवेशन प्रतिनिधि डिकेन्द्र कँडेल, नेपाल प्रजातन्त्र सेनानी संघका जिल्ला उपसभापति शम्भुनाथ मिश्र, नेपाल ट्रेड युनियन काँग्रेसका जिल्ला अध्यक्ष गणेशप्रसाद नेउपाने, महाधिवेशन प्रतिनिधि आनन्द घिमिरे र दामोदर अधिकारी, नेपाल दलित संघका केन्द्रीय सदस्य गोपाल खाती, नेपाल तरुण दलका जिल्ला अध्यक्ष भेषबहादुर पौडेल, नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष दिनेश कोइराला, नेपाल दलित संघका जिल्ला अध्यक्ष मनबहादुर वि.क., नेपाल महिला संघकी पूर्व जिल्ला सभापति सीता अधिकारी, वेशीशहर गाउँ कार्यसमितिका सभापति नारायण सुयेंल र पूर्व सभापति नारायणप्रसाद घिमिरे, क्षेत्रीय प्रतिनिधिहरु श्रीकान्त घिमिरे र सुकलाल तामाङलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**कास्की–** नेपाली काँग्रेस महाधिवेशन प्रतिनिधि रामजी कुँवरको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिइएको थियो । धर्नाबाट रामजी कुँवर, नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष सन्तोष पहाडी र क्षेत्रीय प्रतिनिधि क्या. कमलबहादुर गुरुङलाई गिरफ्तार गरिएको छ ।

**दाङ–** स्थानीय तुलसीपुर चोकमा व्यानर र पार्टीको झण्डा सहित माघ १९ को शाही घोषणाको विरुद्ध धर्नामा बसेका आन्दोलनकारीहरुलाई सुरक्षाकर्मीहरुले व्यापक धरपकड गरेको छ । गिरफ्तारीमा पर्ने आन्दोलनकारीहरुमा– नीति तथा कार्यक्रम जिल्ला संयोजक गोविन्द योगी, नेपाल महिला संघकी केन्द्रीय सदस्य श्रीमती अनिता देवकोटा, नेपाल तरुण दलका पूर्व केन्द्रीय सदस्य वासुदेव जंगली, नेपाल ट्रेड युनियन काँग्रेसका जिल्ला उपाध्यक्ष बमबहादुर डी.सी., जिल्ला कार्यसमितिका सदस्यहरु पार्वती चौधरी र डिल्ली आचार्य, नेपाली जनसम्पर्क समिति भारतका मेदीनी केवल, क्षेत्रीय सचिव घनश्याम गौतम, क्षेत्रीय अधिवेशन प्रतिनिधि शिवप्रसाद शर्मा, नेपाल किसान संघका जिल्ला उपसभापति पूर्णबहादुर बस्नेत, नेपाल विद्यार्थी संघका जिल्ला सचिव दिपक पाण्डे लगायत दर्जनौं रहेका छन् ।

**धनुषा–** जिल्ला प्रशासन कार्यालय अगाडि नेपाली काँग्रेसकी केन्द्रीय सदस्य लीला कोइरालाको नेतृत्वमा धर्ना दिन गएका नेपाली काँग्रेसका १३२ जनालाई सुरक्षाकर्मीहरुले बस्न नदिएकोले स्थानीय जनक चोकमा पुगी धर्नामा परिणत भएको थियो । धर्नाबाट नेपाली काँग्रेसका महासमिति सदस्यहरु राजकुमार भारती, जगतसुन्दर शाह र तुलसा आचार्य, महाधिवेशन प्रतिनिधि प्रेमचन्द्र झा, नेपाल महिला संघकी जिल्ला अध्यक्ष पुष्पा लामा, महाधिवेशन प्रतिनिधि श्याम यादव, जिल्ला कार्यसमितिका सदस्यहरु सुरेन्द्र शर्मा, भरत साह र राजकुमार मण्डललाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**रुपन्देही–** नगर सभापति दीपक क्षेत्रीको नेतृत्वमा बैंक रोडमा निस्केको जुलुसबाट उहाँ लगायत सचिव ओम श्रेष्ठ, शैलेश पन्त र क्षेत्रीय सदस्य आत्मराम पन्तलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् । यसैगरी हिजो कोटीहवा चोकमा व्यापक जनसहभागिताका बीच शाही कदमको विरोध गर्दै नेपाली काँग्रेसका कार्यकर्ताहरुले पुत्ला दहन गरेका थिए ।

**पर्सा–** नेपाली काँग्रेसका जिल्ला सभापति राजेन्द्रबहादुर अमात्यको नेतृत्वमा भएको धर्ना कार्यक्रमबाट उहाँ सहित राजकृष्ण अमात्य, वीरेन्द्रलाल नेपाली, अजयकुमार चौरसिया, वावुलालप्रसाद कुम्हाल, बीरबहादुर प्रसाद यादव, राकेशराज ढुंगाना, रामेश्वर रौनियार, विजयकुमार कर्ण, देवनाथ उपाध्याय, अरविन्दकुमार गुप्ता, योगेन्द्र साह कानू, प्रकाशकुमार उपाध्याय, जन्नत अन्सारी, दीपेन्द्र चौहान, राधेश्याम चौरसिया, रमासिंह कानू, सरजुग महतो, रामनारायण सिंह, जालिम मिया, कृष्णमोहन यादव, शम्भु चौहान, भरत राउत, राजेन्द्रप्रसाद कलवार, किशोरी शर्मा, रामप्रसाद कुँवर, मेघराज प्रसाद यादव, हरिहर राउत अविर लगायत ५० जनालाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**कैलाली–** कैलाली जिल्ला प्रशासन कार्यालयको मूल सडकमा रहेको प्रवेश द्वारमा विहान १० बजेदेखि नेपाल काँग्रेसका कार्यकर्ताहरुले विभिन्न नारा सहित विरोध प्रदर्शन गरेका छन् । धर्ना कार्यक्रमले गर्दा करीब आधा घण्टा जति सडक जाम भएको थियो । प्रजातन्त्रको वहालीका लागि माग गर्दै बसेका नेपाली काँग्रेस महाधिवेशन प्रतिनिधि धनिराम राना, नेपाल विद्यार्थी संघका लेखराज ओझा लगायत दर्जनौंलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**सिरहा–** नेपाली काँग्रेसका नेता पदमनारायण चौधरीको नेतृत्वमा निस्केको जुलुसले शहरका विभिन्न भागको परिक्रमा गरी कोणसभामा परिणत भएको थियो ।

**वर्दिया–** नेपाली काँग्रेस जिल्ला कार्यसमितिका सभापति सञ्जय गौतमको नेतृत्वमा व्यानर र झण्डा सहित धर्नामा बसेका आन्दोलनकारीहरुलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् । यसरी गिरफ्तारीमा पर्नेहरुमा– नेपाली काँग्रेस वर्दियाका सभापति सञ्जय गौतम, महासमिति सदस्यहरु– हरिहर गौतम, भरतबहादुर सापकोटा, परसुराम थारु र यदुनाथ पौडेल, पूर्व महासमिति सदस्य महेन्द्र तिवारी, नेपाल महिला संघकी सभापति राधा शर्मा, नेपाल दलित संघका सभापति प्रेमबहादुर सुनार, क्षेत्र नं. १ का क्षेत्रीय सभापति श्रीबहादुर गिरी, क्षेत्र नं. ३ का क्षेत्रीय सभापति छविलाल सापकोटा, क्रियाशील सदस्य छविलाल सापकोटा, महाधिवेशन प्रतिनिधि मिश्रीलाल यादव, गाउँ इकाई सभापति टिकाराना भाट, जिल्ला सदस्य चण्डी थारु, क्षेत्रीय सदस्य शारदालक्ष्मी पहरी, क्रियाशील सदस्य हर्कबहादुर खड्का, गंगाराम गोडिया र घनश्याम घिमिरे हुनुहुन्छ ।

**चितवन–** नेपाली काँग्रेस महासमिति सदस्य इन्द्रकुमारी अधिकारीको नेतृत्वमा निस्केको महिलाहरुको जुलुसले शहरका विभिन्न भागमा शाही कदमको विरोध गर्दै धर्ना दिएका थिए । सुरक्षाकर्मीहरुले इन्द्रकुमारी अधिकारी, क्षेत्रीय प्रतिनिधि एवं नेपाल महिला संघकी जिल्ला उपसभापति शारदा गुरुङ, क्षेत्रीय महिला प्रतिनिधि भृकुटी पौडेल, नेपाल महिला संघ भरतपुर नगर समितिका सभापति रमा सापकोटा, क्षेत्रीय प्रतिनिधिहरु सुशीला रावल र सुनिता अर्याल, महिला कार्यकर्ता इन्दु पण्डितलाई गिरफ्तार गरेका छन् ।

**तनहुं–** दमौलीको जिल्ला प्रशासन कार्यालय अगाडि जिल्ला कार्यसमितिका सदस्य हरिप्रसाद वाग्लेको नेतृत्वमा धर्ना दिएका नेपाली काँग्रेसका दर्जनौँ कार्यकर्ताहरुलाई सुरक्षाकर्मीहरुले लाठी प्रहार गर्दा हरिप्रसाद वाग्ले, नेपाल तरुण दलका जिल्ला सदस्य तारानरेश पौडेल, नेपाली काँग्रेसका क्रियाशील सदस्यहरु लक्ष्मीनाथ पोखरेल, पूर्णचन्द्र खनाल र विन्दु शर्मा खनाल लगायतका दर्जनौ कार्यकर्ताहरु घाइते भएका छन् ।

**नवलपरासी–** नेपाली काँग्रेसका जिल्ला सभापति कृष्णचन्द्र नेपालीको नेतृत्वमा विरोध जुलुस र धर्ना कार्यक्रम संचालन भएको छ । धर्नाबाट नेपाली काँग्रेसका जिल्ला सभापति कृष्णचन्द्र नेपाली, महाधिवेशन प्रतिनिधि लता पोखरेल, महासमिति सदस्यहरु महादेवप्रसाद गुप्ता, केशरमणि पोखरेल र दीपप्रकाश लोहनी, नेपाल किसान संघका केन्द्रीय महासचिव भानु सिग्देल, महाधिवेशन प्रतिनिधि राजेन्द्रकुमार साहानी र राजबहादुर शाही, क्षेत्रीय सभापतिहरु पुष्पराज पौडेल, लालबहादुर गुरुङ र दिनेशकुमार उपाध्याय, जिल्ला कार्यसमितिका सदस्य मुकुल आचार्य, कावासोती गाउँ कार्यसमितिका सभापति लक्ष्मीप्रसाद सापकोटा, माकर गाउँकार्यसमितिका कृष्णप्रसाद ढुंगाना, तमसरिया गाउँ कार्यसमितिका विन्दु काफ्ले, क्षेत्रीय प्रतिनिधिहरु लक्ष्मीकान्ता के.सी., हरिकला कँडेल, गंगाधर सापकोटा र भीमा गिरी, जयवल्लभ पाठक, चन्द्रबहादुर भण्डारी, राजमाया गुरुङ, कर्णबहादुर वि.क. र ज्ञानी माया लामालाई गिरफ्तार गरिएको छ ।

**स्याङ्जा–** फेदीखोलामा नेपाली काँग्रेसको अगुवाईमा नारा जुलुस सहित बजार परिक्रमा गर्नुका साथै कोण सभा सम्पन्न भयो ।

**पाल्पा–** हेमलाल बस्याल, नेविसंघका जिल्ला सदस्य पाण्डव पौडेल, नेविसंघका चुडामणि पाण्डे, प्रकाश पाण्डे र विनोद भारती (तीन महिनाको लागि जेल चलान) ।

**ताप्लेजुङ–** नेपाली काँग्रेस जिल्ला कार्यसमितिका उपसभापति दिपेन्द्र सेन्दाङ, सहसचिव टेकबहादुर खतिवडा, सदस्यहरु जंगबहादुर बस्नेत, गजेन्द्र लिम्वू, चन्द्र खोपाङ सहित ८ जनालाई गिरफ्तार गरेका छन् ।

**मोरङ–** जिल्ला सह सचिव सुदनबहादुर कार्की, क्षेत्र नं. ५ का क्षेत्रीय सभापति विश्वनाथ रिजाल, विराटनगर ४ का वडा सभापति रामबहादुर थापा (सानु), वलिगामा गाउँ सभापति सत्यनारायण चौधरी, नेपाल तरुण दल जिल्ला सचिव कमल पुडासैनी, नेपाल विद्यार्थी संघ जिल्ला अध्यक्ष केदार कार्की, महेन्द्र मोरङ क्याम्पसका स्ववियु सचिव भीम पराजुली, क्षेत्र नं. ५ का क्षेत्रीय उपसभापति निरन्जन दास, क्षेत्रीय प्रतिनिधि खड्गनारायण भगत, क्षेत्र नं. ५ क्षेत्रीय सदस्य शत्रुधनचन्द्र पौडेल, क्षेत्र नं. ५ का क्षेत्रीय सल्लाहकार बलबहादुर खवास, विराटनगर–६ का वडा सभापति मोहन पौडेल, विराटनगर–१ का क्रियाशील सदस्य सुनिल घिमिरे, झोराहाट गा.वि.स.का क्रियाशील सदस्य खिलप्रसाद घिमिरे, क्रियाशील सदस्य उदयकुमार अधिकारी, साधारण सदस्यहरु शेरबहादुर खवास र शिवधन थन्दार, नेपाल विद्यार्थी संघका पूर्व जिल्ला सहसचिव राजकुमार कोइराला र पूर्व जिल्ला सदस्य प्रभाकरमानसिंह कार्की, गोकर्ण सेढाई, नेपाल विद्यार्थी संघ महेन्द्र मोरङ क्याम्पसका इकाई सदस्यहरु मोहनविक्रम दाहाल, दिपेन्द्र ढुंगाना र खगेन्द्र दाहाल, नेपाल तरुण दलका जिल्ला सदस्य सीताराम भगत गिरफ्तार हुनु भएको छ ।

**लम्जुङ–** नेपाली काँग्रेसका जिल्ला सभापति शंकरकान्त जोशी, सचिव कृष्ण कोइराला, कोषाध्यक्ष अर्जुन पराजुली, सहसचिव हरि बराल, पूर्व राज्यमन्त्री रामबहादुर गुरुङ, पूर्व सांसद हरिभक्त अधिकारी, पूर्व सभापति चन्द्रबहादुर कुँवर, महाधिवेशन प्रतिनिधि डिकेन्द्र कँडेल, नेपाल प्रजातन्त्र सेनानी संघका जिल्ला उपसभापति शम्भुनाथ मिश्र, नेपाल ट्रेड युनियन काँग्रेसका जिल्ला अधयक्ष गणेशप्रसाद नेउपाने, महाधिवेशन प्रतिनिधि आनन्द घिमिरे र दामोदर अधिकारी, नेपाल दलित संघका केन्द्रीय सदस्य गोपाल खाती, नेपाल तरुण दलका जिल्ला अध्यक्ष भेषबहादुर पौडेल, नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष दिनेश कोइराला, नेपाल दलित संघका जिल्ला अध्यक्ष मनबहादुर वि.क., नेपाल महिला संघकी पूर्व जिल्ला सभापति सीता अधिकारी, वेशीशहर गाउँ कार्यसमितिका सभापति नारायण सुयेल र पूर्व सभापति नारायणप्रसाद घिमिरे, क्षेत्रीय प्रतिनिधिहरु श्रीकान्त घिमिरे र सुकलाल तामाङलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

---

## २०६१ चैत्र ६ गते

**झापा–** नेपाली काँग्रेसका कार्यकर्ताहरुले शाही कदमको विरोध गर्दै क्षेत्र नं. १ का लोहारपट्टी, क्षेत्र नं. २ को स. रतौली, क्षेत्र नं. ३ को बलबार, क्षेत्र नं. ४ को कविलसामा जुलुस तथा पुत्ला जलाएका थिए । दिउँसो २ बजे आन्दोलनकारीहरुमाथि सुरक्षाकर्मीहरुले लाठी प्रहार गरेका थिए र सिताराम भण्डारी, शम्भुनारायण पाठक, रामआधार कापर, ललन राय, राजाराम महतो समेतलाई सुरक्षाकर्मीले गिरफ्तार गरेका छन् ।

---

## २०६१ चैत्र २ गते

**काठमाडौं–** नेपाली काँग्रेस रामेछापका जिल्ला सभापति रामचन्द्र खड्का र नेपाली काँग्रेस काठमाडौँका क्षेत्रीय सभापति लोकेश ढकालको नेतृत्वमा निस्केको जुलुसबाट उहाँहरु लगायत रामेछापका राजेन्द्र वाग्ले, केशव चालिसे, वेदराज लामा, झपट राजभण्डारीलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

---

## २०६१ चैत्र १ गते

**झापा–** नेपाली काँग्रेसका पूर्व सांसद चेतकुमारी दाहाल, नेपाल तरुण दलका पूर्व महासचिव अनिलकृष्ण प्रसाई, क्षेत्र नं. ४ का क्षेत्रीय सभापति देवकुमार थेवे, नेपाल महिला संघकी जिल्ला सभापति सुशीला ढकाल ।

**मकवानपुर**– नेपाली काँग्रेस जिल्ला कार्यसमितिका सदस्य भवसागर श्रेष्ठको नेतृत्वमा निस्केको जुलुसले हेटौडा नगर परिक्रमा गर्ने सिलसिलामा उहाँ लगायत महासमिति सदस्य नारायण तिमिल्सीना, नेपाल ट्रेड युनियन काँग्रेसका जिल्ला अध्यक्ष अर्जुनलाल श्रेष्ठ, क्रियाशील सदस्य हेमराज पुलामीलाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

**स्याङ्जा**– स्थानीय गल्याङ्ग बजारमा जुलुस, नारा र कोण सभा सम्पन्न भयो । पार्टी सभापतिलाई कार्यक्रम सकिई फर्कदा सुरक्षाकर्मीहरुले केही बेर नियन्त्रणमा लिएको थियो । नेपाली काँग्रेसका अतिरिक्त एमालेको पनि उपस्थिति रहेको थियो ।

**पाल्पा**– महासमिति सदस्य देवराज ढकाल (तीन महिनाको लागि जेल चलान) ।

**महोत्तरी**– सदरमुकाममा दिउँसो २ बजे नारा जुलुस सहित स्थानीय महेन्द्र चोकमा पुगेका आन्दोलनकारीहरुमाथि सुरक्षाकर्मीहरुले लाठी प्रहार गर्दा नेपाली काँग्रेसका रामदयाल यादव, राधा मिश्र, राजकिशोर मण्डल, राजनारायण यादव, दीपेन्द्र यादव, विष्णुदेव यादव समेत दर्जनौं सख्त घाइते हुनु भएको थियो । उपचारार्थ उहाँहरुलाई सोही दिन एम्बुलेन्सद्वारा अञ्चल अस्पताल पुऱ्याइएको थियो । दिपेन्द्र यादवको टाउँको फुटेको थियो भने विष्णुदेव यादवको हातमा लाठीको गम्भीर प्रहार भएको थियो । नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य महेश्वरप्रसाद सिंह, महेन्द्रकुमार राय, महेन्द्र यादव, सुरेन्द्रप्रसाद सिंह, हरिनारायण यादव, रैजि हैदर, वजरंग नेपाली, कामेश्वर पाण्डे, उपेन्द्र चौधरी र अशोक साह सहित १६ जनालाई तीन महिने पुर्जि दिइएको छ ।

---

**२०६१ फाल्गुण २५ गते**

**स्याङ्जा**– बयरघारीमा २५० भन्दा बढी नेपाली काँग्रेसका कार्यकर्ताको सहभागिता रहेको जुलुसले बजार परिक्रमा गरी शाही कदम विरुद्ध नारा लगाएका थिए ।

**महोत्तरी**– नारी दिवसको अवसरमा विरोध महोत्तरीको क्षेत्र नं. १ को गा.वि.स. धरमपुर, क्षेत्र नं. २ को मझौरा, क्षेत्र नं. ३ को मनहा, क्षेत्र नं. ४ को कान्तिबजारमा नारा जुलुस सहित गाउँ परिक्रमा गरी विरोध कार्यक्रम सम्पन्न भएको छ ।

**काठमाडौं**– नेपाली काँग्रेसका माधवप्रसाद तिमिल्सीनालाई सुरक्षाकर्मीहरुले गिरफ्तार गरेका छन् ।

---

**२०६१ फाल्गुण २१ गते**

**पाल्पा**– नेपाल काँग्रेसका जिल्ला सभापति राजनप्रसाद पन्त, महासमिति सदस्य विधानप्रसाद श्रेष्ठ (तीन महिनाको लागि जेल चलान)

---

२०६१ फाल्गुण १६ गते

**स्याङ्जा**– सदरमुकाम स्थित बाडखोलामा नेपाली काँग्रेसका कार्यकर्ता भेला गर्दा गर्दै सुरक्षाकर्मीको व्यापक हस्तक्षेपले जिल्ला सभापति एवं राष्ट्रिय सभाका सदस्य खगेन्द्रराज रेग्मीलाई सुरक्षाकर्मीहरुले ३ घण्टा कब्जामा लिई मुक्त गरेका थिए ।

**पाल्पा**– महासमिति सदस्य कृष्णप्रसाद अधिकारी ( तीन महिनाको लागि जेल चलान) ।

---

**२०६१ माघ १९ गते**

**बी.पी. चिन्तन प्रतिष्ठान**का अध्यक्ष एवं नेपाली काँग्रेस जिल्ला कार्यसमिति, काठमाडौंका कार्यवाहक सभापति हरिबोल भट्टराई ।

**चैत्र २६ गते जनआन्दोलन दिवस भव्य रुपमा मनाउन पार्टी, भातृ तथा शुभेच्छुक संस्थाका सबै निकायहरुलाई अनुरोध गरिन्छ ।**

## सभापति कोइराला भेटघाटमा सक्रिय

नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइराला नजरबन्द मुक्त भएपछि भारतीय सरकार तथा जापानी राजदूतावास लगायतका अन्तर्राष्ट्रिय जगतले खुशी व्यक्त गरेको छ । यसैबीच सभापति श्री कोइरालाले संविधानविद् लगायतका विभिन्न राजनैतिक दलका नेताहरुसँग समसामयिक विषयमा छलफल गर्न भेटघाट शुरु गर्नु भएको छ । त्यस सिलसिलामा उहाँ संविधान निर्माताहरु श्री विश्वनाथ उपाध्याय, श्री दमननाथ ढुंगाना, श्री निलाम्बर आचार्य, श्री लक्ष्मणप्रसाद अर्याल र पूर्व निर्वाचन आयुक्त डा. वीरेन्द्रप्रसाद मिश्रसँग श्री विश्वनाथ उपाध्यायको निवासमा गई भेट गर्नु भयो ।

यसैगरी सभापति कोइरालाले आफ्नो निवासमा श्री शेरबहादुर देउवा, श्री लोकेन्द्रबहादुर चन्द, श्री पशुपति शम्शेर ज.ब.रा, श्री नारायणमान विजुक्छे, श्री के.पी. ओलीसँग पनि छुट्टाछुट्टै भेटघाट गरी समसामयिक विषयमा छलफल गर्नु भएको छ । साथै भारतीय राजदूतसँग पनि उहाँको छलफल भएको छ ।

प्रकाशक : **नेपाली काँग्रेस केन्द्रीय कार्यालय, ललितपुर**
टेलिफोन : ५५५०९२४/५५५५२६३/५५५५२६६ फ्याक्स : ५५५५१८८
E-mail: ncparty@wlink.com.np / Internet Access: http://www.nepalicongressoffice.org.np